# पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह
## कञ्चन ५, रुपन्देही

पत्र संख्या : पिपरिचाप/०८३
च.नं. : ६४

मिति : २०८३/०१/०४ गते

### काठदाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना !

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा ढलापडा रुखहरुवाट उत्पादन भएको तथा विभिन्न मितिमा बराम्द भएको काठ लट नं. ४ बमोजिमको विभिन्न जातको गोलिया थान १४९ को ८४५.९२ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिकी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने इजाजत प्राप्त मु.अ. करमा दर्ता भएका, कर चुक्ता गरेका र सुचिकृत भएका व्यवसायीले यो सूचना राष्ट्रिय दैनिक गोरखापत्र (बर्ष १२५, अंक ३३७) पत्रिकामा तेस्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र खरिद गरेको निकायमा शिलवन्दी वोलपत्र दाखिला गर्न अव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारी तथा सूचनाको लागी समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**१. पैदावारको विवरण**

**तपसिल**

| सि. नं. | लट नं. | धाड नं. | प्रजाति | ग्रेड | गोलिया थान | परिमाण (क्यु.फि.) | न्युनतम दर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर रु. | जम्मा | |
| 4 | 4-2082/83 | 11,12,13,14 | असना | A | 5 | 75.29 | 400 | 30114.41 | |
| | | | | B | 6 | 65.06 | 300 | 19517.16 | |
| | | | | C | 2 | 8.99 | 100 | 898.65 | |
| | | | बाँझी | N | 17 | 90.67 | 100 | 9067.16 | |
| | | | जामुन | A | 1 | 21.44 | 400 | 8575.00 | |
| | | | | B | 4 | 60.25 | 300 | 18074.21 | |
| | | | साल | A | 3 | 36.18 | 1250 | 45227.32 | |
| | | | | B | 25 | 208.77 | 900 | 187888.55 | |
| | | | | C | 86 | 279.29 | 600 | 167572.68 | |
| | | | **जम्मा** | | **149** | **845.92** | | **486935.15** | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-
(क) खरिद गर्ने अन्तिम मिति : २०८३/०१/२४ गते कार्यालय समय सम्म ।
(ख) दाखिला गर्ने अन्तिम मिति : २०८३/०१/२५ गते २:० बजे सम्म ।

# पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह
## कञ्चन ५, रुपन्देही

पत्र संख्या : ०८२/०८३

३. बोलपत्र फाराम रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट खरिद गरी सोही कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समुहको नाममा रहेको ग्लोबल आईएमई बैंक, सालझण्डी शाखामा रहेको वचत खाता नं. २२५०१०१०००२७९ चल्ती खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट कम्तीमा ६ महिनाको समावेश गर्नु पर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गै हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रमाणित प्रतिलिपि बोलपत्र खरिद गर्नको लागि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

७. रित पूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०१/२६ गते दिउसोको २:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा यस समुहको कार्यालय कञ्चन-५, रुपन्देहीमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १० दिनभित्र सकार गरेको रकम र संकलन खर्च एवं कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आब्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र, शिलवन्दी गरी पेश गर्नु पर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समुहको काठदाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस सामुदायिक वन उपभोक्ता समितिमा निहीत रहने छ ।

१३. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१४. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१५. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित कानून अनुसार हुने छ ।